म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष :१७ अङ्क :- १२० २०८२ चैत ९ गते सोमबार 23 March 2026, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## सुरेश किरणको शोक सभा हुने

हेटौँडा : नेपाली तथा नेपाल भाषाका पत्रकार, जातीय संस्कृति, भाषा अभियन्ता सुरेश किरण मानन्धरप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसभाको आयोजना गरिने भएको छ । मानन्धरको निधन भएको १३औं दिनको पूण्यतिथिमा आज सोमबार हेटौँडामा शोकसभा आयोजना गर्न लागिएको हो ।

मकवानपुरको भाषा, संस्कृति तथा जनजाति अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघ, संस्थाको सहभागितामा शोकसभा आयोजना गर्न लागिएको हो । मानन्धरको फागुन २५ गते हृदयघातका कारण निधन भएको थियो । मानन्धरप्रति शोक व्यक्त गर्न आयोजना गरिएको शोकसभासँगै नगर परिक्रमा गरी दीप प्रज्वलन समेत गरिने बताइएको छ । मानन्धरले हेटौँडाबाट प्रकाशन हुने नेवारी भाषाको पत्रिकाको प्रकाशनमा पनि उल्लेख्य योगदान पुऱ्याएका थिए । मानन्धरको ५९ वर्षको उमेरमा निधन भएको हो ।

### बागमतीमा विपद्‌को १० वर्ष

# १ हजार ३८ को मृत्यु, ६ अर्ब ९५ करोडको क्षति

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशमा विगत १० वर्षको अवधिमा विपद्का विभिन्न घटनाबाट १ हजार ३८ जनाले ज्यान गुमाएका छन्। बागमती प्रदेशमा विगत १० वर्षको अवधिमा भएका विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का घटनामा परी १ हजार ३८ जनाले ज्यान गुमाएका हुन् ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको तथ्यांक अनुसार २०७२ देखि २०८२ असार मसान्तसम्म प्रदेशका १३ जिल्लामा १ हजार ३८ जनाको मृत्यु भएको हो भने १८१ बेपत्ता भएका छन् । मन्त्रालयका अनुसार सो अवधिमा घटेका विपद्का घटनाबाट ६ अर्ब ९५ करोड रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको छ । मन्त्रालयको प्रतिवेदनअनुसार १० वर्षको अवधिमा प्रदेशभर ६ हजार ८३९ वटा विपद्का घटना भएका छन् । विपद्मा परी २ हजार ३११ जना घाइते भएका छन् भने १६ हजार ६५३ परिवार प्रत्यक्ष प्रभावित भएका छन् । विपद्का कारण प्रदेशमा ४ हजार ७२७ वटा घर पूर्ण रुपमा नष्ट भएका छन् भने ५ हजार ८९६ वटा घरमा आंशिक क्षति पुगेको छ । जसमा कुल आर्थिक क्षति ६ अर्ब ९५ करोड ४१ लाख ७१ हजार ७१८ रुपैयाँ बराबरको रहेको मन्त्रालयले जनाएको छ ।

### काठमाडौंमा धेरै घटना चितवनमा धेरैको मृत्यु

तथ्यांक अनुसार सबैभन्दा बढी घटना काठमाडौं जिल्लामा भएका छन् । काठमाडौंमा १० वर्षमा १ हजार ७७८ वटा घटना भएका छन् । मानवीय क्षतिको हिसाबले चितवनमा सबैभन्दा बढी १४९ जना र सिन्धुपाल्चोकमा ११६ जनाको मृत्यु भएको छ। बेपत्ता हुनेको संख्या सिन्धुपाल्चोकमा सबैभन्दा उच्च (६५ जना) रहेको छ ।

जिल्ला अनुसार मृत्यु हुनेमा काभ्रेमा ११९ जनाको विभिन्न विपद्को घटनामा परेको मृत्यु भएको छ भने काठमाडौंमा ११३ जना, मकवानपुरमा ११२ जना, धादिङमा ९० जना, ललितपुरमा ७८ जना, सिन्धुलीमा ६८ जना, रसुवामा ५३ जना, दोलखामा ४४ जना, रामेछापमा ४१ जना, नुवाकोटमा ३६ जना, भक्तपुरमा १९ जनाको मृत्यु भएको छ। विगत १० वर्षमा विपद्का विभिन्न घटनामा परी कुल २ हजार ३११ जना घाइते भएका छन्। तथ्यांक अनुसार काठमाडौं जिल्लामा सबैभन्दा धेरै (४४७ जना) घाइते भएका छन् भने रामेछाप जिल्लामा सबैभन्दा कम (६६ जना) घाइते भएको देखिन्छ । जसमा काठमाडौंमा ४४७ जना, मकवानपुरमा ३९१ जना, चितवनमा ३१७ जना, काभ्रेमा १६८ जना, सिन्धुलीमा १५१ जना, धादिङमा १३७ जना, सिन्धुपाल्चोकमा १३३ जना, ललितपुरमा १२६ जना, भक्तपुरमा ११७ जना, दोलखामा ९३ जना, नुवाकोटमा ८७ जना, रसुवामा ७८ जना र रामेछापमा ६६ जना रहेका छन् ।

### आगलागी धेरै, पहिरो घातक

घटनाको प्रकृति हेर्दा १० वर्षमा सबैभन्दा धेरै आगलागीका ४ हजार २३ वटा घटना भएका छन् । जसमा १८० जनाको मृत्यु भएको छ भने ५ अर्ब ४२ करोडभन्दा बढीको क्षति भएको छ । तर, मानवीय हिसाबले पहिरो सबैभन्दा घातक देखिएको छ । प्रदेशमा ९२८ वटा पहिरोका घटनामा परी ४६७ जनाले ज्यान गुमाएका छन् भने १०७ जना बेपत्ता भएका छन् । ३४१ वटा बाढीका घटनामा १०० जनाको मृत्यु भएको छ भने १ अर्ब १९ करोडको क्षति भएको छ । चट्याङका कारण ११४ जना र जनावर आतंकबाट ७३ जनाले ज्यान गुमाएका छन् ।

मन्त्रालयको यो तथ्यांक अनुसार ग्रामीण तथा पहाडी जिल्लाहरूमा पहिरो र बाढीको जोखिम उच्च रहेको देखिन्छ। प्रदेशमा आगलागीका घटना ४ हजार २३ वटा भएका छन् भने पहिरोका ९२८ वटा, चट्याङका ३७२ वटा, जंगल आगलागीका ३५६ वटा, बाढीका ३४१ वटा, जनावर आतंक ३३८ वटा, भारी वर्षाका २५८ वटा, हावा-हुरीका १०४ वटा, भूकम्प, सर्पदंश, हवाई दुर्घटना आदि १०९ वटा भएका छन्।

### निजी आवास पुनर्निर्माणमा १६ करोड बढी खर्च

मन्त्रालयले प्रदेशमा विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य र पुनर्निर्माणका लागि आफ्नो सक्रियता बढाएको जनाएको छ । मन्त्रालयकी सूचना अधिकारी रविता कार्कीका अनुसार मन्त्रालयले बाढी-पहिरो र आगलागी पीडितका लागि राहतदेखि एकीकृत कमाण्ड पोष्टको स्थापनासम्मका महत्वपूर्ण कार्यहरु सम्पादन गर्दै निजी आवास पुननिर्माणमा मन्त्रालयले काम गरेको छ ।

मनसुनजन्य र आगलागीबाट प्रभावितहरूको निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि लागत साझेदारीमा मन्त्रालयले १६ करोड ५७ लाख ५ हजार रुपैयाँ प्रदान गरेको उनले बताइन् । सो बाहेक मनसुनजन्य विपद् न्यूनीकरणका लागि स्थानीय तहहरुलाई २ करोड ३० लाख रुपैयाँ उपलब्ध गराइएको छ भने जोखिममा रहेका बस्ती संरक्षण र पूर्वाधार मर्मतका लागि ३० वटा स्थानीय तहलाई ७ करोड ९० लाख दिने निर्णय भएकोमा हालसम्म ३ करोड ८५ लाख निकासा भइसकेको उनले बताइन्। प्रदेशका १३ वटै जिल्ला विपद् व्यवस्थापन कोषमा तत्काल प्रतिकार्यका लागि प्रति जिल्ला ५ लाखका दरले ६५ लाख रुपैयाँ निकासा गरिएको उनले बताएन् ।

मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरू, सुरक्षा निकाय र स्थानीय तहहरूलाई विपद् राहत सामग्री हस्तान्तरण गरेको उनको भनाई छ । मन्त्रालयले विपद्को समयमा छिटो र छरितो कार्य गर्न 'यूनिफाइड कमान्ड टिम' र 'मनसुन प्रतिकार्य कमाण्ड पोष्ट' स्थापना गरेको छ भने स्थानीय तहहरूमा विपद्मा खटिनका लागि स्वयंसेवक समूहहरु गठन गरिएको छ। क्षमता विकासका लागि विभिन्न तालिम, सचेतनामूलक कार्यक्रम र नारायणी नदी लगायतका स्थानमा कृत्रिम अभ्यास सञ्चालन गरिएको छ । हेटौँडा र नुवाकोट तथा काभ्रेमा प्रदेश गोदामघरहरु निर्माण गरी राहत तथा उद्धार सामग्रीको खरिद र भण्डारण सुदृढ बनाइएको उनले बताइन् ।

### बजेटमा उपेक्षादेखि दक्ष जनशक्तिको अभाव

विपद्का कारण ठूलो क्षति व्यहोर्दै आएको बागमती प्रदेशमा विपद् व्यवस्थापनका कार्यहरु अझै चुनौतीपूर्ण देखिएका छन्। मन्त्रालयका अनुसार नीतिगत, प्राविधिक र व्यवस्थापकीय क्षेत्रमा समस्याहरु देखिएको हो । मन्त्रालयका अनुसार विपद् व्यवस्थापनका लागि सबैभन्दा ठूलो अवरोध बजेट निर्माणको प्रक्रियामा देखिएको छ। वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विपद् व्यवस्थापनलाई प्राथमिकतामा नराखिने र निर्माण कार्यहरु गर्दा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलतालाई ध्यान नदिने प्रवृत्ति रहेको छ ।

मन्त्रालयकी सूचना अधिकारी कार्कीका अनुसार विपद् व्यवस्थापन प्रणाली 'प्रतिक्रियात्मक' मात्र भइरहेको र विपद् जोखिमको पूर्व-आँकलन र पूर्वतयारीमा लगानी हुन सकेको छैन । घटना घटिसकेपछि गरिने 'प्रतिकार्य' मा मात्र बढी केन्द्रित हुँदा क्षतिको मात्रा बढेको उनको भनाई छ। विपद् जोखिमको वित्तीय व्यवस्थापनका लागि 'बीमा' गर्ने परिपाटीको अभाव पनि टड्कारो देखिएको उनले बताइन् । विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको अभावले थप समस्या देखिएको उनको भनाई छ। जोखिमयुक्त क्षेत्रको पहिचान र जोखिम विश्लेषणका लागि भूगर्भविद् लगायतका प्राविधिक जनशक्ति, प्रदेशभर भएका विपद्का घटना र गरिएका कार्यहरुको एकीकृत विवरण राख्ने प्रणाली र त्यसमा पहुँचको अभाव हुँदा कार्य सम्पादनमा समस्या भएको उनले बताइन् ।

विपद्को समयमा आवश्यक पर्ने राहत र उद्दार सामग्रीको मौज्दात तथा खाद्यान्न, गैर-खाद्यान्न सामग्री र उद्दारका आधुनिक उपकरणहरुको अभाव रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार विपद् व्यवस्थापनका लागि तोकिएका विभिन्न विषयगत क्षेत्रहको क्रियाशीलतामा कमी र सरकारी निकायहरुबीच प्रभावकारी समन्वय र सहकार्य हुन नसक्नुले व्यवस्थापनलाई थप जटिल बनाएको छ ।

# विपद् व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी अन्तरक्रिया



समाज संवाददाता

हेटौँडा: यस वर्षको सुख्खा मौसम सुरु हुँदै गर्दा हेटौंडामा आगलागी रोकथामका लागि विपद् व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आइतबार जिल्ला समन्वय समिति मकवानपुरको आयोजना तथा सामुदायिक वन उपभोक्ता समिति महासंघको समन्वयमा अन्तरक्रिया कार्यक्रम भएको हो ।

कार्यक्रममा डिभिजन वन कार्यालय हेटौँडाका प्रमुख राकेशप्रसाद चन्द्रवंशीले अघिल्लो वर्षको सुख्खा मौसममा अत्याधिक आगलागीका घटना भएको भन्दै यस वर्षको सुख्खा मौसम सुरु हुँदै गर्दा न्यूनीकरणका लागि पूर्वतयारी गर्न सामुदायिक वन उपभोक्ता समितिहरुलाई आग्रह गर्नुभयो । उहाँले कार्यपत्र प्रस्तुत गर्दै अघिल्लो वर्ष चैत महिनामा मकवानपुरको हेटौँडा उपमहानगरपालिका, भीमफेदी, मकवानपुरगढी, बकैया र बागमती गाउँपालिकाहरुमा ६६ स्थानका कुल ४ सय ८६ हेक्टर क्षेत्रफल वनक्षेत्रमा डँढेलो लागेको जानकारी दिनुभयो ।

यी क्षेत्रहरुमध्ये सबैभन्दा बढी मकवानपुरगढीमा ८ स्थानमा २ सय २६ हेक्टर क्षेत्रफलमा आगलागी भएको थियो । स्थानको हिसाबले सबैभन्दा धेरै बागमती गाँउपालिकामा २४ स्थानमा १ सय २१ हेक्टर क्षेत्रफलमा आगलागी भएको पनि चन्द्रवंशीले जानकारी दिनुभयो। हेटौँडा उपमहानगर क्षेत्रभित्र १२ स्थानमा ५६ हेक्टर क्षेत्रफल, भीमफेदीमा एक स्थानमा २४ हेक्टर र बकैयामा २१ स्थानमा ६० हेक्टर क्षेत्रफलमा आगलागी भएको पनि उहाँले जानकारी दिनुभयो।

आगलागी हुनुमा ९६ प्रतिशत मानवीय कारण रहेको पाइएको समेत उहाँले स्पष्ट पार्नुभयो । मानवीय कारणहरुमध्ये ६४ प्रतिशत जानजान आगो लगाइएको र ३२ प्रतिशत घटना अन्जानमा आगलागी हुन गएको तथ्याङ्कले जनाएको छ । यस वर्ष हालसम्म आगलागीका घटना नभएको भन्दै उहाँले मानवीयरुपमा सचेत हुँदा वनमा डँढेलोका घटना स्वतः न्यूनीरकरण हुँदै जाने सुझाव समेत दिनुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानले राष्ट्रिय निकुञ्जहरुका मध्यवर्ती वा वनका छेउमा बसोबास गर्ने स्थानीय बासिन्दाको वनबाट हुने समस्या निराकरणक लागि स्थानीय सरकारले भूमिका खेल्नुपर्ने बताउनुभयो । उहाँले मध्यवर्ती क्षेत्रमा बसोबास गर्नेहरुले वनसम्बन्धी कठोर कानुनको सामना गरिरहेको भन्दै समस्या न्यूनीकरणका लागि स्थानीय तहहरुले नै समन्वय गर्नुपर्ने स्पष्ट पार्नुभयो ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले वनको आवश्यक क्षेत्रलाई राम्रोसँग व्यवस्थापन गर्ने र विकासको कार्यमा बाधक बने लचिलो कानुन निर्माणद्वारा प्रयोग गर्न सहज बनाउनुपर्ने बताउनुभयो। उहाँले वन बढाएर कार्वन ब्यापार मात्र नहेरी विकासका कामलाई पनि प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका उपस्थित सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा सदस्यहरुले आफ्ना समूहले डढेलोबाट जोगिन गरेका कार्यप्रगति प्रस्तुत गरेका थिए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा डिभिजन वन कार्यालय मनहरीका डिभिजन वन अधिकृत हेमबहादुर थापा, सामुदायिक वन उपभोक्ता समिति महासंघ मकवानपुर अध्यक्ष साधुराम चौलागाई, हेटौंडा उपमहानगरपालिका विपद् व्यवयस्थापन तथा वातावरण महाशाखाका अधिकृत हिमप्रसाद पौडेल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीलगायत सामुदायिक वन समूहहरुका पदाधिकारीहरुको सहभागिता थियो ।






# ९ वटा पालिकामा पालिकास्तरीय परीक्षा सुरु

समाज संवाददाता

हेटौँडा : मकवानपुर जिल्लाका पालिकाहरुमा आइतबारबाट पालिकास्तरीय (कक्षा-८) परीक्षा सुरु भएको छ । मकवानपुरका १० मध्ये ९ वटा पालिकामा पालिकास्तरीय वार्षिक परीक्षा आइतबारबाट सुरु भएको हो । परीक्षा १६ गते सम्पन्न हुने पालिकाका शिक्षा शाखा प्रमुखहरुले बताएका छन् ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिकासहित थाहा नगरपालिका, बागमती, इन्द्रसरोवर, मकवानपुरगढी, मनहरी, भीमफेदी, राक्सिराङ र कैलाश गाउँपालिकामा आइतबारबाट परीक्षा सुरु भएको हो।



*हेटौँडा-८ स्थित चन्द्रोदय माविमा पालिकास्तरीय (कक्षा-८) परीक्षा दिँदै विद्यार्थी ।*

बकैया गाउँपालिकामा भने गएको बिहीबारदेखि नै पालिकास्तरीय परीक्षा सुरु भइसकेको छ। सबै विद्यालयहरुले पालिकाको क्यालेण्डर र निर्णयअनुसार परीक्षा सञ्चालन गरेको पालिकाका शिक्षा शाखा प्रमुखहरुले बताएका छन्।

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) भने चैत १९ गतेबाट सञ्चालन हुनेछ । मकवानपुर जिल्लाबाट एसईईमा ७ हजार १ सय ९२ विद्यार्थी सहभागी हुने छन्। यस वर्षको एसईईमा ५ हजार ५ सय २७ जना नियमित तथा ग्रेडवृद्धितर्फ १ हजार ६ सय ६५ जना सहभागी हुनेछन् । यीमध्ये प्राविधिक धारतर्फ १ सय ७५ जना नियमित र ग्रेडवृद्धिका ८८ गरी कुल २ सय ६३ जना एसईई परीक्षामा सामेल हुनेसमेत इकाईले जनाएको छ ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# हेटौंडामै डाक्टरी पढाइ

बागमती प्रदेश सरकारअन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यस वर्षबाट एमबीबीएस कक्षा सञ्चालन भएको छ । प्रतिष्ठानमा एमबीबीएसको पहिलो ब्याचमा ४ जना विदेशीसहित ४७ जना विद्यार्थी भर्ना भएका छन् । एमबीबीएस पढ्ने ४ जना विदेशीहरु भारतीय छन् । उनीहरुमध्ये दुई जना बिहारका र दुईजना महाराष्ट्रका हुन् । एमबीबीएसमा भर्ना भएका ४३ विद्यार्थीहरु देशका विभिन्न २८ जिल्लाका रहेका छन् । काठमाडौं जिल्लाका ५ जना, ललितपुरका ४ जना, कास्की र महोत्तरी जिल्लाका ३–३ जना विद्यार्थी भर्ना भएका छन् । बारा, पर्सा, तनहुँ र अछाम जिल्लाका दुई–दुई जना विद्यार्थी भर्ना भएका छन् । मकवानपुर, चितवन, धादिङ, डडेलधुरा, डोटी, दार्चुला, बैतडी, बाजुरा, बर्दिया, डोल्पा, दोलखा, धनुषा, स्याङ्जा, रुपन्देही, कपिलवस्तु, नवलपरासी, सप्तरी, सुनसरी, तेह्रथुम जिल्लाका एक–एक जना विद्यार्थी एमबीबीएसमा भर्ना भएका छन् ।

चिकित्सा शिक्षा आयोगले प्रतिष्ठानलाई एमबीबीएस कक्षा सञ्चालनको लागि ५० जनाको सिट ताकेको थियो । प्रतिष्ठानमा तोकिएको सिट क्षमताभन्दा ३ जना विद्यार्थी कम भर्ना भए पनि थप विद्यार्थी सम्पर्कमा रहेकाले सिट अनुसारकै विद्यार्थी संख्या पुग्ने सम्भावना रहेको छ । आयोगले अघिल्लो वर्ष प्रतिष्ठानलाई स्नातकोत्तर तहको विभिन्न विषय अध्यापनका लागि स्वीकृति दिएको थियो । गत वर्ष पीजीतर्फका विभिन्न ७ विषयमा ८ सिट निर्धारण गरिएकोमा यस वर्षका लागि आयोगले १६ विषयमा २७ सिट निर्धारण गरेको छ । प्रतिष्ठानले केही वर्ष अघिदेखि स्वास्थ्य क्षेत्रका विभिन्न विषयका स्नातक तहको पठनपाठन गराउँदै आएको छ । स्नातक तहको बीएससी नर्सिङ तथा फार्मेसीका साथै जनस्वास्थ्यतर्फको बीपीएच, प्रयोगशालातर्फको बीएमलटी कक्षा सञ्चालन गरिरहेको छ ।

बागमती प्रदेशसको राजधानी हेटौंडामा उच्च शिक्षाको नयाँ–नयाँ अवसरहरु थप भएका छन् । प्रदेश सरकारको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा बागमती विश्वविद्यालयका कारण पनि हेटौंडालाई शैक्षिक केन्द्र बनाउन सहयोग पुग्ने अवस्था देखिन्छ । प्रदेश राजधानी भएकै कारण प्रतिष्ठान र विश्वविद्यालय हेटौंडामा स्थापना भएको हो । यसले हेटौंडा तथा अन्य क्षेत्रका विद्यार्थीलाई प्रत्यक्ष लाभ पुग्ने आशा गर्न सकिन्छ । वन विज्ञान विषयमा विगतदेखि नै स्नातकोत्तरसम्मका कक्षा सञ्चालन भइरहेको हेटौंडामा कृषि तथा वन विश्वविद्यालयको वन संकायको डिन कार्यालय रहेको छ । कृषि तथा कानुन विषयको स्नातक तहको पठनपाठन हेटौंडामा सुरु भएको छ । सूचना प्रविधि तथा व्यवस्थापनका विभिन्न विषयको उच्च शिक्षाको अवसर पनि हेटौंडामा सहज बनिरहेको छ ।

स्वास्थ्य क्षेत्रका विषयहरुमा उच्चशिक्षा हासिल गर्न हेटौंडा बाहिर जानुपर्ने बाध्यता क्रमशः हट्दै जानुले हेटौंडाको विकासमा सहयोग पुग्ने देखिन्छ । हेटौंडामै एमबीबीएस (डाक्टर) पढाइ हुँदा मकवानपुरको विद्यार्थीको सहभागिता न्यून हुनुले भने विभिन्न प्रश्न उब्जाउन सक्छ । हेटौंडा स्कूल अफ म्यानेजमेन्टले सञ्चालन गरेको एमबीबीएस तयारी कक्षामा सहभागी १७ जनाले छात्रवृत्तिमा नाम निकालेको अवस्थामा हेटौंडामै एमबीबीएस कक्षा सञ्चालन हुनुले भविष्यमा हेटौंडाका विद्यार्थीले थप अवसर पाउने आशा गर्न सकिन्छ । हेटौंडामा एमबीबीएस कक्षा सञ्चालन हुँदा यहाँको शिक्षामा मात्र नभई स्वास्थ्य सेवामा पनि थप सुविधा प्राप्त हुने निश्चित छ । एमबीबीएस पढाउने विशेषज्ञ डाक्टरका साथै पीजी र एमबीबीएस अध्ययन गर्नेहरुका कारण हेटौंडाबासीले सहजरुपमा गुणस्तरीय स्वास्थ्य सेवा पाउने सम्भावना बढेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार १११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विभिन्न क्षेत्रबाट मान सम्मान प्राप्त हुने योग छ । |
| वृष | : घर–व्यवहारका काममा खर्च बढ्ने समय योग छ । |
| मिथुन | : साहित्यिक र बौद्धिक लेखन कार्यमा सरिक भइने छ । |
| कर्कट | : काममा ढिलासुस्ती र दौडधूप बढ्न सक्ला । |
| सिंह | : काममा सोचे जस्तै सफलता प्राप्त हुने योग छ । |
| कन्या | : जग्गा जमिन सम्बन्धि कारोबारमा समय बित्ला । |
| तुला | : बौद्धिक र प्राज्ञिक क्षेत्रबाट ला प्राप्त होला । |
| वृश्चिक | : वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला । |
| धनु | : आर्थिक स्तरमा वृद्धि हुने समय योग छ । |
| मकर | : सानो प्रयासले रोकिएका कामहरु बन्ने योग छ । |
| कुम्भ | : कर्मक्षेत्रमा गरिएका प्रयासहरु सफल होलान् । |
| मीन | : धार्मिक तथा दार्शनिक विषयमा मन जाला । |

# बन्धक भूगोल : नेपाल, हिमाल, र राष्ट्रको रणनीतिक भविष्य



**राजेन्द्र बजगाईं**

हालै 'प्रिज्नर्स अफ जिओग्राफी' नामक किताब पढ्दा म गहिरो चिन्तनमा परेको थिएँ । लेखक टिम मार्शलले स्पष्ट पारेका छन्– भूगोलले राष्ट्रको भाग्य निर्धारण गर्छ । पहाड, नदी, मरुभूमि र समुद्र मात्र प्राकृतिक संरचना होइनन्; तिनीहरूले राजनीतिक सम्भाव्यता, आर्थिक मार्गदर्शन र सैन्य वास्तविकता तय गर्छन् ।

नेपालका लागि यो सैद्धान्तिक कुरा मात्र होइन, हाम्रो अस्तित्वको कथा हो । नेपाल त्यो स्पष्ट उदाहरण हो जहाँको पहिचान, अस्तित्व र राजनीतिक विकास भूगोलले अनिवार्य रूपमा आकार दिएको छ । उच्च हिमालहरूले हाम्रो उत्तरको किल्ला बनाइरहेका छन् भने दक्षिणमा दक्षिणी एशियाका विशाल मैदान फैलिएका छन् । यी दुई भूभागको बीचमा एउटा सानो, तर दृढ राष्ट्र छ, जसले शताब्दीयौंसम्म क्षेत्रीय उतारचढाव र शक्ति परिवर्तनहरूमा बाँच्न सफल भएको छ ।

नेपाल सधैं भूगोलको बन्धक रहँदै आएको छ, तर सोही समयमा यसको लाभ पनि उठाउँदै आएको छ ।

### हिमालयः नेपालको रणनीतिक ढाल

हिमालय केवल भौगोलिक अवरोध मात्र होइन, यो पृथ्वीको सबैभन्दा प्रभावशाली भू-रणनीतिक संरचनामध्ये एक हो । यी पहाडहरूले शताब्दीयौंसम्म नेपाललाई ठूलो आक्रमणबाट जोगाएका छन् र धेरै साना राज्यहरू साम्राज्यमा विलीन हुँदा पनि हाम्रो स्वतन्त्रता कायम राख्न मद्दत गरेका छन् ।

आधुनिक नेपालका संस्थापकहरूले यो रणनीतिक सच्चाइ राम्ररी बुझेका थिए । पृथ्वीनारायण शाहले नेपाललाई "दुई ढुङ्गा बीचको तरुल– रत्तिभित्रको रतालु" भन्नुभयो, जसले हाम्रो राष्ट्रले शक्तिशाली छिमेकीहरूबीच समतुल्य सन्तुलन कायम गर्नुपर्ने अवस्था स्पष्ट पारेको छ । त्यसपछि, बहादुर शाहले हिमालय क्षेत्रमा प्रभाव विस्तार गर्दै महत्वपूर्ण मार्गहरू सुरक्षित गरे र राज्यको रणनीतिक सीमा सुदृढ बनाए ।

बीसौं शताब्दीमा, राजा महेन्द्रले दुई बढ्दो शक्ति बीचको नेपालको स्थान कमजोरी पनि बन्न सक्छ, अवसर पनि भन्ने बुझे । परराष्ट्रनीति त्यसैअनुसार अघि बढाए । उनको विदेश नीति, बदलिंदो भूराजनीतिक परिवेशमा सार्वभौमिकता कायम राख्दै सन्तुलन कायम गर्ने प्रयास थियो । ती नेताहरूले बुझेका सत्यलाई आजका धेरै राजनीतिज्ञले बिर्सिसकेका छन्; भूगोल अपरिवर्तनीय छ ।

### आधुनिक नेपालमा रणनीतिक खाँचो

आज, नेपालको राजनीतिक नेतृत्व प्रायः ऐतिहासिक ज्ञानबाट टाढा देखिन्छ । राजनीतिक संवाद छोटो अवधिका गुटीय संघर्षमा सीमित हुन्छ, र नेपालको एशियाली भूमिकाबारे छलफल प्रायः आन्तरिक सत्ता द्वन्द्व र अस्थायी गठबन्धनद्वारा दबाइन्छ । परिणामस्वरूप, राष्ट्रको रणनीतिक स्पष्टता कमजोर हुन्छ ।

नेपाली कांग्रेस जस्ता परम्परागत पार्टीहरूले पहिले लोकतान्त्रिक रूपान्तरणको प्रतिनिधित्व गर्थे, तर समयसँगै यी दलहरू आन्तरिक प्रचार नेटवर्क र वैचारिक भ्रमको प्रभावमा बढ्दै गएको देखिन्छ । एक पार्टी जुन पहिले स्पष्ट लोकतान्त्रिक सिद्धान्तको पक्षधर थियो, अब स्पष्ट भूराजनीतिक दृष्टिकोण व्यक्त गर्न हिचकिचाउँछ ।

कतिपय अवस्थामा, कट्टर समाजवादी विचारहरूले पार्टीलाई परम्परागत उदार लोकतन्त्रसँग असंगत स्थानमा धकेलेको देखिन्छ, जसले नेपालको रणनीतिक पहिचान निर्धारण गर्ने क्षमता कमजोर पारेको छ । दुर्भाग्यवश नेपाली कांग्रेसमा नयाँ भनाइएर अवतरित गगन थापा र यिनको कार्यसमिति सहकर्मीहरू कार्यशैली, पुनर्संरचनाको खोक्रो छनकले यो दल भन्दा बढी लोकतन्त्रको दुरुपयोगवादी चित्रित हुँदै गएको छ ।

### रणनीतिक आधार विना गणराज्य

नेपाल आज गणराज्य हो, तर भूराजनीतिक रूपमा अस्थिर छ। लोकतान्त्रिक संस्था भए पनि, नेपाल प्रायः लोकतान्त्रिक राष्ट्रहरूको व्यापक समुदायसँग निरन्तर मिल्दैन र छिमेकीहरूसँग स्पष्ट रणनीतिक साझेदारी कायम गरेको छैन । सट्टा, नेपाल प्रायः विरोधाभासी कथाहरूको बीचमा फँसिएको देखिन्छ, दीर्घकालीन हितलाई सुरक्षित गर्ने सही गठबन्धनबारे अनिश्चित ।

दशकौंसम्म, नेपालले निष्पक्षता (नन-अलाइनमेन्ट) को सिद्धान्त अपनाएको थियो। शीतयुद्धका बेला, यस नीतिले साना राष्ट्रहरुलाई सुपरपावरहरुको मैदान बन्नबाट जोगाएको थियो । तर विश्वको भूराजनीतिक परिदृश्य बदलिएको छ ।

एक्काइसौं शताब्दीको भूराजनीति लोकतान्त्रिक प्रणाली र अधिनायकवादी मोडलबीच प्रतिस्पर्धाद्वारा परिभाषित छ । यस्तो संसारमा कठोर निष्पक्षता कहिलेकाहीं रणनीतिक कमजोरी पनि बन्न सक्छ । नेपालले परम्परागत निष्पक्षता आफ्नै हितमा अझै उपयोगी छ कि दीर्घकालीन जोखिम सिर्जना गर्दैछ भनी पुनः मूल्यांकन गर्न आवश्यक छ ।

### तटस्थ सुरक्षा उपस्थितिको आवश्यकता

यी परिस्थितिहरूलाई हेर्दा, नेपालले लामो समयदेखि संवेदनशील रहेको तर आवश्यक विषयमा छलफल शुरु गर्नुपर्छ; हिमालय क्षेत्रमा रणनीतिक सन्तुलन कायम गर्न तटस्थ सुरक्षा उपस्थिति । यो उपस्थिति लोकतान्त्रिक साझेदार सँग गहिरो सुरक्षा सहयोग मार्फत हुन सक्छ, जसमा साना रणनीतिक अमेरिकी सुविधा वा सञ्चालनात्मक उपस्थिति समावेश हुन सक्छ ।

नेपालमा अमेरिकी उपस्थिति गलत बुझिने गरेको छ– यो भूभाग कब्जा गर्न वा आन्तरिक मामिलामा हस्तक्षेप गर्न होइन । अमेरिकालाई हुम्ला, रौला वा दक्षिणी मैदानमा कुनै भूराजनीतिक इच्छा छैन । यसको उद्देश्य सन्तुलन कायम राख्ने र बढ्दो वैश्विक प्रतिस्पर्धाबाट प्रभावित क्षेत्रमा स्थिरता सुनिश्चित गर्नु हो ।

हिमालय अमेरिकी रणनीतिक दृष्टिले महत्वपूर्ण छ । जबकि यो हर्मुज स्ट्रेट जस्ता समुद्री मार्गबाट टाढा छ, एशियामा भएको विकास भूमिगत र समुद्री रणनीतिक गतिशीलतासँग जोडिन थालेको छ । एक स्थिर हिमाली क्षेत्रले यी गतिशीलताहरूलाई संवेदनशील सीमा हुँदै द्वन्द्वमा रूपान्तरण हुनबाट रोक्न सक्छ ।

### क्षेत्रीय लाभ

नेपालमा सन्तुलित अन्तर्राष्ट्रिय उपस्थिति क्षेत्रीय हितका लागि लाभदायक हुन सक्छ । भारतका लागि, हिमालयको स्थिरता प्रत्यक्ष रूपमा जलस्रोत संरक्षणसँग जोडिएको छ । नेपालका नदीहरूले उत्तरी भारतको कृषि, ऊर्जा र जीविका सस्टेनेन्स गर्छ । हिमाली सीमामा सुरक्षा र प्रशासन सुदृढ पार्दा यी आवश्यक जलस्रोत सुरक्षित रहन्छन् ।

साथै, समन्वित सुरक्षा पूर्वी पूर्वाधार र रसद क्षमतामा सुधार ल्याएर उत्तरी सुरक्षा तयारी बलियो बनाउन सक्छ । हिमालयले पहिल्यै प्राकृतिक "ग्रेटवाल"को भूमिका निर्वाह गरिरहेको छ, तर भूगोल मात्र पर्याप्त छैन । प्राकृतिक लाभलाई सुरक्षित राख्न रणनीतिक समन्वय अनिवार्य छ ।

### राजनीतिक चरित्रको कमजोरी

नेपालमा रणनीतिक सोचको सबैभन्दा ठूलो बाधा अवसरवादी राजनीतिक व्यक्तित्वहरूको उदय हो । दशकौंमा, राजनीतिमा केही व्यक्तिहरू बारम्बार पार्टी र विचारधारामा परिवर्तन गर्दै व्यक्तिगत सुविधा अनुसार चल्ने गरेको देखिन्छ । यस्ता व्यक्ति अन्तर्राष्ट्रिय दृष्टिकोणका विशेषज्ञ जस्तो प्रस्तुत हुन्छन् तर साँच्चिकै राष्ट्रिय हितमा प्रतिबद्ध हुँदैनन् ।

यो "विश्व पार्टी" प्रवृत्ति राजनीतिक संस्थाहरूलाई कमजोर पार्छ र जनता भ्रमित हुन्छ । यदि राजनीतिक वर्गमा सिद्धान्त र स्थिरता छैन भने नेपालले सुनियोजित भूराजनीतिक रणनीति निर्माण गर्न सक्दैन ।

### भारतको क्षेत्रीय जिम्मेवारी

भारत नेपालकै नजिकको साझेदार हो, सांस्कृतिक, आर्थिक र ऐतिहासिक सम्बन्धले बाँधिएको । तर साँचो मित्रताले सम्मान र रणनीतिक परिपक्वता माग्छ । कहिलेकाहीं, भारतले उत्तरदायी नेतृत्वलाई नाघ्न सकेन र छोटो अवधिका राजनीतिक गणना अनुसार अस्थिरता निम्त्याउने व्यक्तिहरूलाई बढावा दिएको देखिन्छ । सशक्त साझेदारी चरित्र र रणनीतिक चेतनाको कल्टिभेसन माग्छ; यी विना, सद्भावना भएको साझेदारीले अनजानेमा अस्थिरता निम्त्याउन सक्छ ।

### जनताको असन्तुष्टि र नयाँ नेतृत्वको उदय

हालका वर्षहरूमा परम्परागत राजनीतिक असन्तुष्टिले नयाँ आन्दोलनहरूको उदय गराएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको उदय, रवि लामिछानेको नेतृत्वमा, परिवर्तनको मागलाई दर्शाउँछ । स्वतन्त्र नेता बालेन शाहको सफलता जनता परिणाममुखी शासन चाहन्छन् भन्ने संकेत हो । तर वास्तविक राजनीतिक रूपान्तरण चुनावी सफलता मात्र होइन– सशक्त संस्था निर्माण आवश्यक छ ।

### राजनीतिक सुधारको आवश्यकता

नेपालको भविष्य व्यापक राजनीतिक सुधारमा निर्भर छ । पार्टीहरूले वास्तविक आन्तरिक लोकतन्त्र अपनाउनुपर्छ । उम्मेदवार छनोट दक्षता र इमानदारीमा आधारित हुनुपर्छ । वित्तीय व्यवस्थापन पारदर्शी हुनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, पार्टीहरूले आर्थिक विकास र भूराजनीतिक जागरूकतालाई जोडेर रणनीतिक दृष्टिकोण बनाउनु आवश्यक छ ।

यस्ता सुधार विना, नेपालको राजनीतिक प्रणाली अस्थिरता र छोटो अवधिको राजनीति चक्रमा फँसिरहनेछ ।

### नयाँ विकास मोडेल

राजनीतिक सुधारसँगै नेपालले आर्थिक मोडेललाई पनि परिमार्जन गर्नुपर्छ । विकास रणनीतिले भूगोलको फाइदा उठाउनुपर्छ; जलविद्युत् सम्भावना, पर्यटन, वातावरणीय कूटनीति र क्षेत्रीय व्यापार मार्गहरू दीर्घकालीन वृद्धिका अवसर हुन् ।

नेपालको दुई ठूला अर्थतन्त्र बीचको स्थितिले यसलाई प्रतिस्पर्धाको शिकार नभई कनेक्टिभिटीको केन्द्र बनाउँछ । तर यस रूपान्तरणका लागि विकास अर्थशास्त्र र रणनीतिक भूराजनीतिमा दुवै दक्ष नेतृत्व आवश्यक छ ।

### भूगोल सीमित गर्छ, नेतृत्वले भविष्य बनाउँछ

'प्रिज्नर्स अफ जिओग्राफी' ले देखाउँछ कि भूगोलले सीमा तोक्छ, तर ती सीमाभित्र बुद्धिमान नेतृत्व असाधारण अवसर सिर्जना गर्न सक्छ। नेपालका पहाडहरूले शताब्दीयौंसम्म राष्ट्रलाई सुरक्षा प्रदान गरेका छन्, आफ्ना नेताहरूको सफलता र असफलताका साक्षी बनेका छन् ।

आधुनिक नेपालको चुनौती यो हो कि अतीतको रणनीतिक ज्ञान पुनः खोज्नु र एक यस्तो संस्था निर्माण गर्नु जसले २१औं शताब्दीको जटिलतालाई व्यवस्थापन गर्न सकोस् । तटस्थ सुरक्षा उपस्थिति, राजनीतिक सुधार र भूगोलसँग मेल खाने विकास रणनीतिले नेपाललाई रणनीतिक बन्धकबाट स्थिरता र समृद्धिको केन्द्रमा रूपान्तरण गर्न सक्छ ।

यदि हामी सफल भयौं भने, नेपाल आफ्नो भू-राजनीतिक अवस्थालाई राष्ट्रिय शक्ति र क्षेत्रीय प्रभावको स्रोतमा परिणत गर्न सक्छ। यदि असफल भयौं भने, हामी भूगोलका बन्धक मात्र होइन, आफ्नै राजनीतिक कल्पना र निर्णयहीनताको बन्धक बन्नेछौं । *(स्रोतः अनलाईनखबर)*

# युद्धको छायामा नेपाली श्रमिक



**रोशन देव**

मध्यपूर्वमा चर्किंदै गएको युद्ध केवल क्षेत्रीय शक्ति सन्तुलनको विषय मात्र होइन, यो विश्वव्यापी प्रभाव बोकेको एउटा गम्भीर संकट हो, जसको प्रत्यक्ष असर हजारौं किलोमिटर टाढा रहेका नेपाली प्रवासीहरूको जीवनमा परिरहेको छ ।

खाडी मुलुकहरु यूएई, कतार, साउदी अरब, कुवेत, बहराइन र ओमान जहाँ लाखौं नेपाली युवाहरूले आफ्नो श्रम, पसिना र समय समर्पण गरेका छन्, आज त्यही क्षेत्र अस्थिरताको चपेटामा पर्दै गएको छ । यसले केवल उनीहरूको व्यक्तिगत जीवनमा होइन, नेपाल राष्ट्रको आर्थिक संरचना, सामाजिक स्थायित्व र भविष्यको दिशामै प्रश्नचिह्न खडा गरेको छ ।

नेपालबाट वैदेशिक रोजगारीका लागि बाहिरिने युवाहरुको संख्या हरेक दिन बढिरहेको छ । देशभित्र पर्याप्त रोजगारीको अभाव, राजनीतिक अस्थिरता, कमजोर औद्योगिक विकास र अवसरको कमीले नेपाली युवालाई बाध्य बनाएको छ कि उनीहरु आफ्नो घरपरिवार छोडेर बिदेसिनुपरोस्। खाडी मुलुकहरु नेपाली श्रमिकहरूको प्रमुख गन्तव्य बनेका छन्, जहाँ उनीहरू निर्माण, सेवा, सुरक्षा तथा अन्य श्रमप्रधान क्षेत्रमा कार्यरत छन् । तर यथार्थ के हो भने, यी क्षेत्रमा काम गर्ने अधिकांश नेपालीहरू न्यूनतम सुरक्षा, सीमित अधिकार र उच्च जोखिमको बीचमा आफ्नो जीवन चलाइरहेका छन् । यस्तो अवस्थामा युद्धको सानो संकेतले पनि उनीहरूको जीवनमा ठूलो संकट ल्याउन सक्छ। कम्पनी बन्द हुने, परियोजनाहरू रोकिने, तलब रोकिने, वा आकस्मिक रूपमा देश फर्किनुपर्ने अवस्था सिर्जना हुनु कुनै असम्भव कुरा होइन ।

यस सन्दर्भमा नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको भूमिका झन् गम्भीर रूपमा बुझ्नुपर्ने हुन्छ । आज नेपालको अर्थतन्त्र ठूलो मात्रामा विदेशबाट आउने रेमिट्यान्समा निर्भर छ । लाखौं परिवारहरूको दैनिक जीवन, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा, घर निर्माण र सामाजिक प्रतिष्ठा सबै रेमिट्यान्सले धानेको छ । ग्रामीण नेपालमा त झन् रेमिट्यान्स बिना जीवन कल्पना गर्न नै गाह्रो भइसकेको छ । यस्तो अवस्थामा यदि मध्यपूर्वमा युद्ध लम्बिन्छ वा ती देशहरूको आर्थिक गतिविधि प्रभावित हुन्छ भने, त्यसको सीधा असर नेपालमा आउने रेमिट्यान्समा पर्छ। रेमिट्यान्स घट्नु भनेको केवल आम्दानी घट्नु मात्र होइन, यसले समग्र अर्थतन्त्रमा मन्दी ल्याउन सक्छ, बेरोजगारी बढाउन सक्छ र सामाजिक असन्तुलन सिर्जना गर्न सक्छ ।

युद्धको अर्को गम्भीर प्रभाव कच्चा तेल (क्रुड आयल) को मूल्यमा देखिन थालेको छ । वर्तमान संकटका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारेल १२० अमेरिकी डलरभन्दा माथि पुगिसकेको छ र विज्ञहरूका अनुसार यो मूल्य २०० डलरसम्म पुग्ने सम्भावना समेत व्यक्त गरिएको छ । यस्तो तीव्र वृद्धि केवल तेल उत्पादक देशहरूका लागि मात्र होइन, सम्पूर्ण विश्व अर्थतन्त्रका लागि गम्भीर संकेत हो । तेलको मूल्य बढ्दा यातायात, उत्पादन, खाद्यान्न र दैनिक उपभोग्य वस्तुहरूको मूल्य स्वतः बढ्छ । यसले विश्वव्यापी मुद्रास्फीति बढाउँछ, बजार अस्थिर बनाउँछ र कमजोर अर्थतन्त्र भएका देशहरूलाई अझ गहिरो संकटमा धकेल्छ ।

नेपालजस्तो आयातमुखी देशका लागि यो अवस्था अझ चुनौतीपूर्ण हुन्छ । पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा ढुवानी लागत बढ्छ, जसको प्रत्यक्ष असर बजारमा देखिन्छ । महँगी बढ्छ, जनताको क्रयशक्ति घट्छ र आर्थिक असन्तुलन झन् गहिरिन्छ । यसले केवल शहरमा मात्र होइन, ग्रामीण क्षेत्रसम्म प्रभाव पार्छ । दैनिक जीवनयापन महँगो बन्छ र सामाजिक असन्तोष बढ्न सक्छ ।

रोजगारीको सवाल यस संकटको मूल जड हो । नेपालभित्रै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवाहरु बिदेसिन बाध्य भएका छन् । उनीहरु ऋण लिएर, परिवारको आशा बोकेर र भविष्यको सपना देखेर बिदेसिन्छन् । तर जब त्यही गन्तव्य क्षेत्र युद्धको जोखिममा पर्छ, तब उनीहरूको सपना, परिवारको भविष्य र राष्ट्रको आर्थिक आधार सबै एकैचोटि संकटमा पर्छ। यो केवल व्यक्तिगत विफलता होइन, यो राज्यको नीतिगत असफलताको परिणाम हो । यदि नेपालले आफ्नो युवालाई स्वदेशमै सम्मानजनक रोजगारी दिन सकेको भए, आज यो स्तरको निर्भरता र जोखिम सायद हुँदैनथ्यो ।

युद्धको प्रभाव केवल आर्थिक पक्षमा सीमित हुँदैन । यसले नेपाली प्रवासीहरुको मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र व्यक्तिगत सुरक्षामा गहिरो असर पार्छ । अनिश्चितता, डर, परिवारप्रतिको चिन्ता र भविष्यप्रतिको असमञ्जसले उनीहरूलाई निरन्तर तनावमा राख्छ । विगतका द्वन्द्वहरूले देखाइसकेको छ कि यस्ता परिस्थितिमा निर्दोष श्रमिकहरू सबैभन्दा बढी पीडित हुन्छन् । उनीहरू न त युद्धका पक्ष हुन्, न त निर्णयकर्ताहरू तर परिणाम उनीहरूले नै भोग्नुपर्छ ।

यस्तो गम्भीर परिस्थितिमा नेपाल सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । राज्य केवल कर संकलन गर्ने वा रेमिट्यान्सको तथ्यांक गणना गर्ने संस्था होइन, यो आफ्ना नागरिकहरुको सुरक्षा, सम्मान र अधिकारको ग्यारेन्टी गर्ने संरचना हो । तर यथार्थमा हेर्दा, वैदेशिक रोजगारीसँग सम्बन्धित नीतिहरू अझै कमजोर देखिन्छन् । दूतावासहरूको सक्रियता पर्याप्त छैन, आपतकालीन उद्धार योजना स्पष्ट र प्रभावकारी देखिँदैन, र श्रमिकहरुको सुरक्षाका लागि कडा कूटनीतिक पहलको अभाव छ । यस्तो अवस्थामा सरकारले तत्कालै आफ्नो भूमिका पुनःपरिभाषित गर्न आवश्यक छ । युद्धको अवस्थामा रहेका देशहरूमा रहेका नेपालीहरूको अवस्थाको निरन्तर अनुगमन, आवश्यक परे तुरुन्त उद्धारको व्यवस्था, सुरक्षित आवास र तलबको सुनिश्चितता तथा सम्बन्धित देशहरुसँग कूटनीतिक पहल अनिवार्य छ ।

नेपालको भविष्य खाडीको रेमिट्यान्समा होइन, आफ्नै भूमि, श्रम र दूरदर्शी नीतिमा निर्भर हुनुपर्छ । यही बाटोले मात्र दीर्घकालीन स्थायित्व, समृद्धि र सम्मानजनक भविष्य सुनिश्चित गर्न सक्छ । *(स्रोतः सेतोपाटी)*

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

...बाँकी पृष्ठ ३ मा

# भीमफेदी र मनहरीमा सवारी दुर्घटना, ४ जना घाइते

समाज संवाददाता

हेटौँडा : मकवानपुरको भीमफेदी गाउँपालिका र मनहरी गाउँपालिका सवारी दुर्घटनामा परेर ४ जना घाइते भएका छन्। एकैदिन छुट्टाछुट्टै सवारी दुर्घटनामा भीमफेदीमा २ जना र मनहरीमा २ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शनिबार भिमफेदी-१, सुपारेटार व्यारेक नजिक हेटौँडाबाट काठमाडौंतर्फ जाँदै गरेको प्र ३-०१-०२४ च ४२७५ नम्बर बोलेरोले र भैँसेबाट हेटौँडा बजारतर्फ जाँदै गरेको बा प्र ०३-००५ प ९०२२ नम्बरको स्कुटरलाई ठक्कर दिँदा दुर्घटना भएको थियो । दुर्घटनामा परेर स्कुटर चालक भिमफेदी-६, धोर्सिङका ३३ वर्षीय दिनेश राना मगर र पछाडी सवार २९ वर्षीय उज्वल पुलामी मगर घाइते भएका छन्। घाइतेहरुलाई उपचारका लागि हेटौँडा असपताल पठाइएकोमा समान्य उपचार पश्चात उज्वललाई थप उपचारका लागि चितवन मेडिकल कलेज पठाइएको छ । बोलेरो चालक हेटौँडा-६, चौघडाका २३ वर्षीय विनोद राई जिल्ला प्रहरी कार्यालयको मकवानपुरको नियन्त्रणमा रहेको छ ।

यस्तै, शनिबार नै मनहरी-७, मनकामना मन्दिर अगाडि रमौलीबाट मनहरीतर्फ जाँदै गरेको ना ५३ प ५१४३ नम्बरको मोटरसाइकलले र मनहरीबाट र मौलितर्फ जाँदै गरेको साइकललाई ठक्कर दिँदा दुर्घटना भएको थियो । दुर्घटनामा परेर मोटरसाइकल चालक मनहरी-७ का २९ वर्षीय राजकुमार स्याङ्तान र साइकलयात्री राक्सिराङ-५ का ३९ वर्षीय आशिष स्याङ्तान घाइते भएका छन् । घाईतेहरुलाई मनहरी अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि चितवनतर्फ पठाइएको छ । मोटरसाइकल र साइकल इलाका प्रहरी कार्यालय मनहरीको नियन्त्रणमा रहेको छ ।

# तिनाउ खोलामा डुबेर दुई भारतीय बेपत्ता

पाल्पा । पाल्पाको तिनाउ खोलामा डुबेर दुई भारतीय पर्यटक बेपत्ता भएका छन् । तिनाउ गाउँपालिका-३, दोभान ड्यामसाइडस्थित जलविद्युत आयोजनाको हेडबक्सनजिक उनीहरू डुबेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ५ जनाको समूहमा रहेका उनीहरूमध्ये २ जना पुरुष बेपत्ता भएका हुन् । जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी होमप्रकाश चौधरीका अनुसार उनीहरू डुबेर बेपत्ता भएको थाहा पाएपछि स्थानीय, सशस्त्र प्रहरी र दोभान प्रहरी चौकीको टोली खोजी कार्यमा जुटेको छ । बेपत्ता हुनेहरूको नाम र ठेगाना खुल्न बाँकी छ । *(स्रोत: अनलाईनखबर)*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/१२/०८ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक होमनाथ तिमल्सिना (आफैं)    जग्गावाला - होमनाथ तिमल्सिना (आफैं र बाहुनी (आमा)

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को तपशिलको जग्गा पावस मौजाको रैती नं. ९७ को रैती होम नाथ तिमल्सिना जैसीको नाममा साविक भोग लगत कायम भई निज होमनाथ तिमल्सिनाको नाममा नापी नक्सा भएको हटिया वडा नं. ८ को कि.नं.७०१ को क्षेत्रफल ज.वि.०-६-१.५ जग्गा र निजकी देव माई तिमल्सिना भन्ने बाहुनीको नाममा नापी नक्सा भएको ऐ.ऐ. बडा नं. ८ को कि.नं. ८७८ को क्षेत्रफल ज.वि.०-१-१८ जग्गाको फिल्डबुक कायम भई दर्ता गर्न छुट भएकोमा उल्लेखित जग्गा मध्ये कि.नं. ८७८ को जग्गावाला देव माई तिमल्सिना भन्ने बाहुनीको मिति २०७७/०८/१३ मा र निजको एक मात्र पति पिताम्बर तिमल्सिनाको पनि मिति २०२५/०३/२५ मा नै मृत्यु भईसकेकोमा निजको हकखाने एकमात्र छोरा कि.नं. ७०१ को जग्गावाला होमनाथ तिमल्सिना मात्र भएकोले बाहुनी भन्ने देव माई तिमल्सिनाको मृत्यु पूर्व निजले नै र निजको मृत्यु पश्चात निवेदक तथा कि.नं. ७०१ को फिल्डबुकवाला साविक लगतवाला होमनाथ तिमल्सिनाले नै साबिक देखि हाल सम्म पनि निरन्तर भोग चलन गरी आएकोमा मेरी आमा देव माई तिमल्सिना तथा ८७८ कित्ताको फिल्डबुकवाला बाहुनी फरक-फरक नाम भएता पनि एकै व्यक्ति मेरी आमा नै भएकोले उल्लेखित तपशिलका जग्गाहरु छुट जग्गा दर्ता गरी पाउँ भनि बकैया गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. ९६ र ९७ मिति २०८२/०४/२९ को हकभोग एवं हकदार तथा देव माई तिमल्सिना र बाहुनी फरक-फरक नाम भएता पनि एकै व्यक्ति भएको व्यहोरा खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्रहरु, च.नं. ९८ मिति २०८२/०४/२९ को होमनाथ तिमलसिना जैसी र होमनाथ तिमल्सिना एउटै व्यक्ति भएको सिफारिस पत्र, मृत्यु प्रमाणित सिफारिस, वडा सर्जमिन मुचुल्काहरु, नाता प्रमाणित प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, साविक भोग लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं./मि.नं. १७२/२०८२/०४/३० र २९३ मिति २०८२/१०/०९ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जातेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | बाहुनी<br>गा.पं. हटिया वडा नं.- ८<br>पति.....<br>ससुरा.... | हटिया | ८ | ८७८ | ०-१-१८ | होमनाथ तिमल्सिना | विल्ला मकवानपुर, पावस मौजेको रैती होमनाथ तिमल्सिना जैसी |
| २ | होमनाथ तिमल्सिना<br>गा.पं. हटिया वडा नं.- ८<br>बाबु - पिताम्बर<br>बाजे - तिर्थराज | | | ७०१ | ०-६-१.५ | | |

# वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गरेको आरोपमा ५ जना पक्राउ

काठमाडौं: वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं कीर्तिपुर नगरपालिका-७ बस्ने बर्दिया घर भएका ३६ वर्षीय अर्जुन बहादुर पौडेल, ललितपुर महालक्ष्मी नगरपालिका-७ बस्ने सर्लाही घर भएका ४६ वर्षीय डिल्ली राम भुजेल, काठमाडौं महानगरपालिका-१६ बस्ने ४३ वर्षीया उमा गुरूङ, ललितपुर महानगरपालिका-७ बस्ने कास्की घर भएका ३३ वर्षीय आशिष महत र भक्तपुर मध्यपुर थिमी नगरपालिका-४ बस्ने रामेछाप घर भएकी ३५ वर्षीया संगिता श्रेष्ठ रहेका छन् । पक्राउ परेकामध्ये अर्जुनले क्रोएशिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ३० हजार रूपैयाँ, डिल्लीले माल्दिभ्स पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख ९९ हजार रूपैयाँ, उमाले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख रूपैयाँ, आशिषले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट २३ लाख रूपैयाँ र संगिताले पोर्चुगल पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ६८ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरी परेको थियो । *(स्रोत: अनलाईनखबर)*

## हार्दिक श्रद्धाञ्जली



जन्म : २००२/०४/१८

**स्व. इश्वरीदेवी ढोडारी**

स्वर्गारोहण : २०८२/११/२७

हाम्री ममतामयी माता **इश्वरीदेवी ढोडारी**को मिति २०८२ फाल्गुन २७ गते असामयिक निधनले हामी मर्माहत भएका छौं । **आज १३औं दिनको पूण्यतिथि**मा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै यस दुखद् घडीमा आमाप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, हामीप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्णमा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि आमन्त्रण समेत गर्दछौं ।

**तपसील**
मिति : २०८२ साल चैत ९ गते सोमबार (आज)।
स्थान : हेटौँडा-४, गर्दोई (आफ्नै निवास)
समय : दिउँसो २:०० बजेपछि।

कमल, दिपक र मनोज ढोडारी :
९८५५०६९५६०, ९८६१००१७६६

**छोरा/बुहारी**
कमल प्रसाद ढोडारी/पार्वती ढोडारी
दीपक प्रसाद ढोडारी/सम्झना ढोडारी/कल्पना ढोडारी
मनोज ढोडारी/पूष्पा घिमिरे

**नाती/नातिनी बुहारीहरू**
किरण/कविता ढोडारी
कुशल/निरूजा ढोडारी

**नाति/नातिनीहरू**
उत्सब ढोडारी/दीपा ढोडारी/दीपिका ढोडारी/प्राप्ती ढोडारी/दीया ढोडारी/प्रमाङ्गी ढोडारी/मेरू ढोडारी

**पनातीनिहरू**: कियाना ढोडारी/साम्बिका हटवाल

**हेटौँडा-४, गर्दोई**

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL, Hetauda-2

## मेरो देश नेपाल



**आदित्य न्यौपाने**

कति राम्रो देश नेपाल नाम भाको ।
चार जात छत्तिस वर्ण फुल फुलिराको ॥
हिमाल पहाड तराई छ सगरमाथा शिर ।
कसै सामु झुक्नु हुन्न नेपाली हो वीर ॥

कति राम्रो मेरो दश वेशभूषा भाको ।
चार जात छत्तिस वर्ण फुल फुलिराको ॥
हिमाल पहाड खोलानाला नदि डाँडापाखा ।
हरियाली जङ्गल हाम्रो गाउँछे कोइली भाका ॥

चार जात छत्तिस वर्ण फुल भएपनि ।
नेपाली हौं हामी एउटै माला अनि ॥
बलभद्र भक्ति थापा अरु सहिद पनि ।
देशका लागि जन्मिएका भए सहिद अनि ॥

डाँडापाखा समथर तराईको फाँट ।
यो देशलाई स्वर्ग बनाउन गरी सबले आँट ॥
वन जंगल हरियाली जडिबुटी धन ।
कर्मठ भई बाँच्छौं हामी नेपाली हो मन ॥

*कक्षा-६*

## सपना



**प्राप्ति पौडेल**

सानो आँखामा ठूला सपना
मनको पानाभरी रचना
सुनौला बिहानको आश लिएर
हिँड्छु म लक्ष्यको पथ सम्हालेर

घाम झुल्कन्छ आकाश फाट्छ
सपना पूरा हुने भरोसा जाग्छ
परेलीमा झरझरी बग्छ आँशु
दुखको घाउ बनाउँछु बाटोको आँशु

हावा बग्छ लहर उर्लन्छ
मनको दियो फेरी बल्छ
गरेको मिहिनेत बोकेर हुँदैन
ईश्वर पनि त मिहिनेत रुचाउँछन् होइन ?

कसैले हाँस्छ त कसैले चिन्छ
तर, साहस गर्ने नै उचाई चुम्छ ।
भोलिको किरण म नै बन्ने छु
सपना पूरा गरेर इतिहास लेख्नेछु ।

*कक्षा-६*

## विदेश



**आरूसी काफ्ले**

नजाउ विदेश ए छोराछोरी आफ्नो देश छोडेर
गर्दछिन् बिन्ति ति बुढी आमा दुई हात जोडेर ।

पढेका नि छोरा र छोरी आमालाई टेर्दैनन्
विदेश गई रमझममा भूली फर्केर हेर्दैनन् ।

आमा नि बस्छिन् कुरेर बाटो सन्तान आउने दिन,
बाबाले तिर्छन् सकिनसकी तिमीले लाको ॠण ।

भन्दछिन् आमा सन्तान फर्के धन धेरै चाहिन्न
ममतामयी आमाको माया पैसाले पाईन्न ।

दु:ख है गरी पढाउँछन् बाले कमाउला भनी नाम
विदेश गई श्रमिक बन्दा पढेको भो के काम ?

संघर्ष गरी हुर्काए बाले देला नै है भनी साथ
परदेशमा तिमी बा-आमा यता भयो नि रितो काख ।

फर्केर आइदेऊ ए दाजुदिदी यहि बसे हुन्न र,
बा-आमा रुँदा समुन्द्र पारि तिम्रो मन रुन्न र ?

गरेर हेर स्वदेशमै पनि राम्रो छ भविष्य
विदेशमा जस्तो परिश्रम गरे बन्छ देश अवश्य ।

*कक्षा-६, धौलागिरी ।*

## हामी सबै एकै हौं



**निशा बानियाँ**

मन्दिर, गुम्बा, मस्जिदमा एउटै छ यो भाव
भाषा अनेक भएपनि एउटै छ स्वाद
आफ्नोपनलाई नबिर्सी अघि बढ्नुपर्छ
सभ्य अनि भव्य बनी अघि बढ्नुपर्छ ॥

हामी सबै मिलेर जोगाऔं
यो अमूल्य सम्पदा,
संस्कृति नै हाम्रो शक्ति हो
नेपालको सच्चा पहिचान सदा ॥

हिमालको काखमा फूल्छ, सुन्दर एउटा फूल
संस्कार र संस्कृति नै, हाम्रो हो मूल
बुद्धको त्यो शान्ति सन्देश सगरमाथाको शीर
संस्कृति नै प्राण हो नेपालीको शीर ॥

'संस्कृति नै हाम्रो पहिचान हो, हामी सबैको'

*कक्षा-८*

## शिक्षक



**श्रीया दाहाल**

पढाउने हामीलाई सधैं राम्रो
राम्रो होस् भनी सधैं हाम्रो
सिकाउनु हुन्छ सधैं हामीलाई
राम्रो बाटो हिँडाउने सधैं हामीलाई ॥

राम्रो काम गर्नलाई सधैं अगाडि बढ्नुपर्छ
गरीबलाई सधैँ सहयोग गर्नुपर्छ
राम्रो काम गरेमा खुशी हुनुहुन्छ शिक्षक
सधैँ अगाडि बढ्नुपर्छ भन्नुहुन्छ शिक्षक ॥

*कक्षा-३*

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

...बाँकी पृष्ठ ३ मा

## प्रधानमन्त्री कप क्रिकेट

# रिजनले ४ विकेट लिए पनि बागमती पहिलो खेलमा पराजित

समाज संवाददाता

हेटौँडाः पुरुष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा बागमती प्रदेश पहिलो खेलमा पराजित भएको छ। रिजन ढकालले ४ विकेट लिए पनि प्रतियोगिताको आफ्नो पहिलो खेलमा बागमती प्रदेश विभागीय टोली नेपाल एपीफ क्लबसँग पराजित भएको हो ।

आइतबार माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा एपीफ क्लबले बागमतीलाई ७१ रनले पराजित गरेको हो। सुरुमा टस हारेर ब्याटिङको निम्तो पाएको एपीफले बागमती सामु २७२ रनको लक्ष्य प्रस्तुत गरेको थियो। एपीफले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २७१ रन जोडेको थियो। एपीएफका लागि ओपनर ब्याटर आशिफ शेखले उत्कृष्ट शतकीय पारी खेले। शेखले ३ छक्का र १४ चौक्काको मद्दतमा ११४ रन जोडे। यस्तै, एपीएफका सन्दिप जोराले ५२ रन, लोकेश बमले २९ रन बनाए भने युवराज खत्रीले अविजीत २६ रनको योगदान गरे। बलिङतर्फ एपीफका क्याप्टेन रोहितकुमार पौडेल र अभिशेष गौतमले समान ३ विकेट लिए ।

२ सय ७२ रनको लक्ष्य पछ्याएको बागमती २ सय रनमा अलआउट भएको हो । बागमतीले ४५ ओभर १ बलमा सबै विकेट गुमाएर २ सय रनमात्रै बनाउन सक्यो । बागमतीका विवेक राना मगरले ३४ रन, सुवास खत्रीले २७ रन, उत्तम थापा मगरले २६ रन र शिवम तिवारीले २५ रन बनाए । रिजन ढकालले अविजीत २० रन बनाउँदा बागमतीका अन्य ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन्। ओपनर ब्याटर आशुतोष घिरैया ९ रन र शुभ कंसकार ८ रन बनाएर आउट हुँदा बागमती सुरुदेखि नै दबाबमा देखिएको थियो । बलिङमा रिजन ढकालले ४ विकेट लिँदा ईशान पाण्डेले २ विकेट, क्याप्टेन सन्दिप लामिछाने र सोनु देवकोटाले समान १ विकेट लिएका थिए ।

यस्तै, आइतबार तल्लो मुलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले नेपाल पुलिस क्लबलाई २२ रनले पराजित गरेको छ। यी दुई टोलीबीचको खेल खराब मौसमका कारण ४७ ओभरमा सिमित गरिएको थियो । खेलको सुरुमा ब्याटिङ गरेको आर्मी क्लबले निर्धारित ४७ ओभरमा ८ विकेट गुमाएर २४३ रन बनाएको थियो । आर्मीका लागि बसिर अहमदले १०० रन र भीम सार्कीले ६२ रन बनाए। बलिङमा नरेन साउदले ३ विकेट र आकाश चन्दले २ विकेट लिए ।

लक्ष्य पछ्याएको पुलिस क्लबले आफ्नो सबै विकेट गुमाएर ४५ ओभर ३ बल्लमा २ सय २१ रनममात्रै बनाउन सक्यो। पुलिसका राशिद खानले ६० रन, शंकर रानाले ४६ रन र क्याप्टेन आरिफ शेखले ३८ रन बनाए। श्रवण यादवले ३ विकेट, राशिद खान र सागर ढकालले समान २ विकेट लिए। नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा शनिबारदेखि सुरु भएको प्रतियोगितामा ७ वटा प्रदेश र ३ वटा विभागीय टोली (नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल आर्मी) गरी १० टोली सहभागी छन् । प्रतियोगिताको उपाधि विजेताले १० लाख रुपैयाँ र उपविजेता टोलीले ५ लाख रुपैयाँ पुरस्कार पाउनेछन्।

# एसईईमा शून्य नतिजा प्राप्त विद्यालयहरुसँग अन्तरक्रिया

समाज संवाददाता

हेटौँडाः गत वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा शून्य नतिजा प्राप्त भएका विद्यालयहरुसँग नतिजा सुधारका लागि आइतबार अन्तरक्रिया सम्पन्न भएको छ । जिल्ला समन्वय समितिको आयोजनामा गत वर्ष जिल्लामा शून्य नतिजा ल्याएका ७ वटा विद्यालयसँग यस वर्षको एसईईको नतिजा सुधारका प्रक्रियाबारे अन्तरक्रिया भएको हो ।

जिल्लाको थाहा नगरपालिका-७, आग्रास्थित सुन्दरीदेवी मावि, राक्सिराङ गाउँपालिका-४ स्थित कालिका मावि, वडा नं ८ स्थित श्री माध्यमिक बिद्यालय, वडा नं ८ कै प्रजाजगृति मावि, मनहरी गाउँपालिका-२ स्थित सीता मावि, बकैया गाउँपालिका-३ स्थित कालिका मावि र बकैया-१० स्थित प्रसिद्ध माविको गत शैक्षिक सत्रको एसईईमा शून्य नतिजा प्राप्त भएको थियो । ती विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकसँग अघिल्लो वर्षको नतिजाको कारणहरु, समस्याहरु र अबको परीक्षामा सकारात्मक नतिजाका लागि चाल्नुपर्ने कदमहरुबारे मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरी तथा जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले संयुक्तरुपमा छलफल गर्नुभएको थियो । छलफलका क्रममा विद्यालयहरुले विषयगत शिक्षकको कमी, ग्रामीण क्षेत्रमा चलिरहेको बालविबाहले पनि बालबालिकालाई पढाइबाट टाढा बनाइरहेको गुनासो गरेका छन् ।

कार्यक्रममा सहजीकरण गर्दै प्रमुख जिल्ला अधिकारी अधिकारीले गत वर्षको तुलनामा यस वर्ष नतिजामा सुधार ल्याउन विषयगत शिक्षकको मात्र खोजी नगरी इन्टरनेट तथा प्रविधिको प्रयोग गरेर पठनपाठनको गुणस्तर र नतिजा दुबैमा स्तरोन्नति गर्न सक्ने सुझाव दिनुभएको छ। उहाँले केही दिनभित्रै यी पालिकाका शिक्षा समिति तथा शिक्षा शाखाहरुसँग समन्वय गरी अन्तरक्रिया गरिने समेत उहाँले जनाउनुभएको छ ।

# राष्ट्रिय महिला भलिबलको उपाधि डायमण्ड क्लबले जित्यो

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि काठमाडौंको न्यू डायमण्ड स्पोर्टस् क्लबले जितेको छ। जिल्ला खेलकुद विकास समिति मकवानपुरको आयोजनामा हेटौँडामा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा भएको खुला राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि डायमण्ड क्लबले जितेको हो ।

आइतबार महोत्सव स्थल हेटौँडा-१०, टिसिएन चौरमा भएको फाइनल खेलमा डायमण्ड क्लबले बागमती प्रदेशको केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानलाई ३-० को सोझो सेटमा पराजित गरेको हो। डायमण्ड क्लबले केशवलाल प्रतिष्ठानलाई २५-१३, २५-१५ र २५-२३ ले पराजित गरेको हो। उपाधि विजेता डायमण्ड क्लबले ३ लाख र उपविजेता केशवलाल प्रतिष्ठानले २ लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगिताको सेमिफाइनलमा केशवलाल प्रतिष्ठानसँग हारेको लुम्बिनी प्रदेशको स्टेप भलिबल क्लब र डायमण्ड क्लबसँग हारेको मधेश प्रदेशको जनशक्ति युवा क्लबले सान्त्वना पुरस्कारस्वरुप ५०/५० हजार रुपैयाँ नगसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बनेकी डायमण्ड क्लबकी सुनिता क्षेत्रीले १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेकी छिन्। डायमण्ड क्लबकी जेनिसा विश्वकर्मा प्रतियोगिताको सर्वोत्कृष्ट स्पाइकर, एन्जिला प्रधान सर्वोत्कृष्ट डिफेन्डर, भावना तामाङ सर्वोत्कृष्ट सेटर र कुमार राई सर्वोत्कृष्ट कोच घोषित भएका छन् ।

यस्तै, केशवलाल प्रतिष्ठानका रेबिका लामा सर्वोत्कृष्ट सर्भर र सलिना गुरुङ सर्वोत्कृष्ट ब्लकर बनेका छन्। प्रतियोगिताका विधागत उत्कृष्ट खेलाडीहरुले ट्रफी, मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगितामा जिल्ला भलिबल संघ मकवानपुर, स्टेप भलिबल क्लब (पाल्पा), जनशक्ति युवा क्लब (मधेश प्रदेश), ब्राइट फ्युचर स्पोर्टस क्लब (कोशी प्रदेश), केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठान र न्यू डायमण्ड स्पोर्टस् क्लबको सहभागिता रहेको थियो। प्रतियोगिता लिग-कम-नकआउट प्रणालीमा भएको थियो ।

# ३ जना फरार प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न मुद्दामा अदालतबाट फैसला भई फरार रहेका ३ जना प्रतिवादीलाई पक्राउ गरेको छ । मकवानपुर जिल्ला अदालतबाट विभिन्न मितिमा कैद तथा जरिवाना सजाय तोकिए पनि फरार रहेका प्रतिवादीहरुलाई खोजीको क्रममा फेला पारी आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पक्राउ पर्नेहरुमा लागूऔषध सम्बन्धी मुद्दामा समान २ महिना ५ दिन कैद र ४७ हजार रुपैयाँ जरिवाना सजाय पाएका हेटौँडा-९ बस्ने २७ वर्षीय प्रजेन महर्जन र २५ वर्षीय निरन राई रहेका छन् । यस्तै, बैंकिङ कसुरमा १५ दिन कैद र ३ लाख रुपैयाँ जरिवाना सजाय पाएका हेटौँडा-९ बस्ने ५० वर्षीय शिवराम केसी पक्राउ परेका छन् । पक्राउ परेका प्रतिवादीहरुलाई आवश्यक कारबाहीका लागि मकवानपुर जिल्ला अदालतमा बुझाइएको प्रहरीले जानकारी दिएको छ ।

# भुटनदेवी माविको पीटीए अध्यक्षमा श्रेष्ठ

समाज संवाददाता

हेटौँडा : हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको शिक्षक अभिभावक संघ (पीटीए) को अध्यक्षमा निकेशकृष्ण श्रेष्ठ चयन हुनुभएको छ । शनिबार श्रेष्ठको अध्यक्षतामा सर्वसम्मत ११ सदस्यीय समिति गठन भएको हो ।

समितिको सदस्य सचिवमा विद्यालयका सहायक प्रधानाध्यापक भरत पोखरेल चयन हुनुभएको छ । सदस्यहरुमा देवेन्द्र सञ्जेल, विक्रम खतिवडा, निलप्रसाद न्यौपाने, राकेश श्रेष्ठ, जानकी श्रेष्ठ र विद्यालय शिक्षिका प्रमिला सुवेदी र संगीता गौतम चयन भएका छन् । यसैगरी विद्यालयका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिगदेल समितिको पदेन सदस्यमा चयन हुनुभएको छ । समितिले शैक्षिक गुणस्तर सुधारमा अभिभावक, विद्यार्थी र शिक्षकबीच पुलको भूमिका निर्वाह गर्ने प्रधानाध्यापक घिमिरे बताउनुभयो ।

# बिचाः हायेका



जन्म : २०२३

स्वर्गारोहण : २०८२ फागुन २५ गते

**स्व. सुरेश किरण मानन्धर**

भाषा आयोगया दुजः, नेपालभाषा टाइम्सया पुलाम्ह सम्पादक, वरिष्ठ पत्रकार, कवि, नेपालभाषा आन्दोलनया चिन्तक माननीय सुरेश मानन्धर जु आकाझाकां मदुगु खं न्यनां सकलं नेपाल भाषा खलः मकवानपुर, परिवार स्तब्ध जुगु दु ।

मदुम्ह आत्माया चीरशान्ती नापं सुखावती भुवनसं बास लायेमा धकाः कामना याना च्वना । थुगु दुःखया इलसं दुःख कःपि सकल परिवार पनिसित धैर्यधारण याय् फय्मा धकाः दुनुगलं निसें बिचा हायेका च्वना ।

**नेपाल भाषा खलः परिवार**

**हेटौंडा, मकवानपुर**

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८२/१२/०९ गते सोमबारको समृद्ध समाज राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिनु भएको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुंदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०१/२१ गते सोमबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय हात्तिसुंडे, मकवानपुरमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको बिवरण :**

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अर्न्तगत मिति २०७३/०८/२० मा दर्ता भई प्रा.फ.र.नं. ६४४७/४१९/२०७३/२०७४ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय हेटौडा, मकवानपुरबाट मिति २०७३।०८।२० मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५४९३५४८ को प्रमाणपत्र प्राप्त **हिमाल किराना सप्लायर्स** ।

फर्मको ठेगाना : मकवानपुर जिल्ला बकैया गा.पा. वडा नं. ३ (साविक छतिवन गा.बि.स. वडा नं. २) श्रीपुर छतिवन ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : मुकुन्द बहादुर जिम्बा** (ना.प्र.नं. ७९६८, जारी मिति २०५६/०३/०६, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला बकैया गा.पा. वडा नं. ३ (साबिक- छतिवन गा.वि.स वडा नं. २)। बाबु : दल वहादुर जिम्बा। बाजे : आईते सि. जिम्बा। | **जमानतकर्ता : धन कुमारी जिम्बा** (ना.प्र.प.नं. ३१-०१-७२-०८०५८, जारी मिति २०७२/१०/१०, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला बकैया गा.पा. वडा नं. ३ (साबिक- छतिवन गा.वि.स. वडा नं. २)। बाबु : चन्द्र बहादुर थिङ। पति : मुकुन्द बहादुर जिम्बा। ससुरा : दल बहादुर जिम्बा। |

**ख. लिलाम बिक्री हुने धितो सुरक्षणको बिवरण :**

१. मुकुन्द बहादुर जिम्बाको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेष्ता कायाम रहेको मकवानपुर जिल्ला फापरबारी गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७, स्थित कित्ता नं. १७०९, क्षेत्रफल ०-५-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१
२. ऋणी **हिमाल किराना सप्लायर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभाग र **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरबाट** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा** सम्पर्क राख्न सकिनेछ।

prabhu Bank

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७९०००

# रोजगारीको अवसर

हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

**सम्पर्क : ९८२१-२५९३९३**




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

...बाँकी पृष्ठ ३ मा